# संविधानमै समेटिनुपर्छ मजदुर हक !

- विष्णु रिमाल

नेपाली मजदुर आन्दोलन पहिलेको तुलनामा अहिले संवैधानिक घेराबाटै अघि बढिरहेको छ । १४६ अगाडिको मजदुर आन्दोलन अर्ध वैधानिक आन्दोलन हो । युनियनले वैधानिकता पाएका थिएनन्, तर राज्य मजदुर युनियनको अस्तित्व स्विकार्न बाध्य थियो । भूमिगत र अर्धभूमिगत ढंगले आन्दोलन चल्थ्यो । १४६ को आन्दोलनपछि शुद्ध ट्रेड युनियन घेराभित्र हामीले आन्दोलन चलायौँ । ०६२/६३ को आन्दोलनपछि दुईतीन वर्षसम्म केही समस्या आयो । तत्कालीन माओवादी शान्तिप्रक्रियामा आएपछि उसको समर्थनमा रहेको अखिल नेपाल ट्रेड युनियन महासंघ पहिलेको कानुन मान्दिनँ भनेर आयो । पहिलेको कानुन नमान्ने, नयाँ कानुन छैन । त्यसपछि उसले आफ्नै खालको नियम बनाउन थाल्यो, जसले गर्दा ०६३ देखि ०६६ सम्म गन्जागोलको अवधि रह्यो ।

तर, ०६६ पछि फेरि ट्रेड युनियन आन्दोलन सङ्लेको छ । पछिल्लो एक वर्षको रेकर्ड हेर्ने हो भने मजदुरकै कारण बन्द भएका कम्पनी साह्रै कम छन् । यद्यपि सूर्य नेपाललगायत केही सीमित कम्पनीले मजदुरकै कारण काम भएन भनेका छन् । मेरो विचारमा निजी क्षेत्रमा सञ्चालित धेरै उद्योगधन्दामा ट्रेड युनियन कानुनी घेराबाटै अगाडि बढिरहेको छ ।

माकर्सवादको हिसाबले हेर्ने हो भने हामी, चलनचल्तीको भाषामा भन्नुपर्दा, पुँजीवादी जनवादी क्रान्तिको चरणमा छौँ । एमालेले भन्ने गरेको जनताको बहुदलीय जनवाद, माओवादीले भन्ने गरेको २१ औं शताव्दीको जनवाद या यस्तै, 'नौलो जनवादी पुँजीवादी क्रान्ति'को सन्दर्भमा हेर्ने हो भने अहिले नै योग्यता अनुसारको काम र काम अनुसारको दामको स्थिति बनेको छैन । त्यही हिसाबको लाभ भएको छैन ।

अहिलेको राज्य व्यवस्थालाई हामी संक्रमणकालीन राज्यवस्था भन्न सक्छौँ, जसले अर्थतन्त्रका हिसाबले उदारवादी अर्थनीति लिएको छ । अर्को शव्दमा, बजार आधारित अर्थनीति लिएको छ । जहाँ, श्रमसम्बन्धका मामलामा निजी क्षेत्र र बजार हाबी छ ।

म एउटा उदाहरण दिन चाहन्छु, ०६३ देखि अहिलेसम्म हामीले दुईपटक न्यूनतम ज्याला वृद्धि गराएका छौँ । यदि ०५४ सालयताको ज्यालावृद्धिको ट्रेन्ड हेर्ने हो भने हामीले ठीक गर्‍यौ कि बेठीक? हेरौं ज्यालाको सन्दर्भमा तीनवटा सूचकांक प्रयोग गरिन्छ उपभोक्ता मूल्य, मौद्रिक मूल्य, वास्तविक मूल्य ! एउटा वर्षलाई आधार मान्ने हो भने ज्यालाको रुपमा पैसा हातमा कति पर्‍यो, निकाल्न सकिन्छ। उपभोक्ता मूल्य सूचकांकले मूल्य कति बढ्यो भन्छ । मौद्रिक मूल्य सूचकांकले हातमा नोट कति पर्यो भन्ने देखाउछ । वास्तविक मूल्य ( रियल वेज) ले खर्च गरेपछि पनि कति बच्यो बताउछ । 'बजेट'को तुलना यसरि हुन्छ । त्यही हिसाबले हेर्दा हाम्रो ज्याला, उपभोक्ता मूल्य सूचकांकभन्दा त कम छ । महँगी बढेको हिसाबले हाम्रो हातमा पैसा धेरै बचेको छैन । तर, आधार वर्षको धर्को भन्दा वास्तविक ज्याला माथि नै रहेका कारणले श्रमिकको आयमा उसको एक महिनाको खर्च गरेर केही रकम बच्ने अवस्था सिर्जना भएको छ ।

राजनीतिक हिसाबले हेर्ने हो भने पहिले मजदुरको (राज्य सत्तामा) पहुँच थिएन । अहिले त संविधानसभादेखि विभिन्न स्थानमा पहुँच त रह्यो नि । हामी सबै ठाउँमा १० प्रतिशत श्रमिकको प्रतिनिधित्व हुनुपर्छ भन्नेमा पुग्यौँ । प्रधानमन्त्री होस् या राष्ट्रपति सबैमा ट्रेड युनियनको पहुँच पुगेको छ । नीति निर्माणको तहमा ट्रेड युनियनको हस्तक्षेप बढेको छ । त्यसलाई उपलब्धि मान्न सकिन्छ । मनोवैज्ञानिक र राजनीतिक हिसाबले ट्रेड युनियनको हात माथि छ, आर्थिक हिसाबले सामान्य छ । र, रोजगारीका हिसाबले हामी कमजोर छौँ । वर्षमा चार लाखजति श्रम बजारमा नयाँ अनुहार आउँछन् । त्यसको साढे तीन लाखजति विदेश

जानुपर्ने स्थिति छ । देशमा मुस्किलले ५० हजार मानिसले नयाँ रोजगारी पाइरहेका छन् । जब कि कहिल्यै रोजगारी नपाएका मानिस वर्षमा ८१ हजार आउने गर्छन् ।

वैधानिक रूपमा काम गर्न जानेहरूमा केही गरी विदेशमा तलमाथि पर्यो भने उनीहरूको उद्धार गर्ने, मृत्यु भएमा शव फिर्ता ल्याउन लगाउने, पाँच लाखसम्म क्षतिपूर्ति दिने, चोटपटक लागेमा क्षतिपूर्ति दिलाउने जस्ता कार्य भर्खरै सुरु गरिएको छ । त्यसका लागि अर्बौंको कोष पनि खडा छ । त्यसमा (बोर्डमा) व्यवसायी र सरकारले मात्र मनलाग्दी गर्लान् कि भनेर ट्रेड युनियन पनि चनाखो भएर बसेको छ ।

जिफन्टले वैदेशिक रोजगारमा गएकालाई राष्ट्रमा रहेको ट्रेड युनियनका (सदस्यका) हिसाबले जसरी नै नै गरिरहेको छ । जुन देशमा नेपाली साथी काम गर्दै हुनुहुन्छ, त्यहाँ जिफन्टको सपोर्ट ग्रुप भनेर बनाएका छौँ। त्यसको काम भनेको त्यो देशको ट्रेड युनियनसँग नेपाली मजदुरलाई चिनाइदिने हो । हामी त्यहाँ गएर संगठन चलाउन त सक्दैनौँ । मलेसिया, कोरिया, हङकङ, कतार, बहराइन, कुवेतलगायत देशमा हामीले सक्रिय काम गरिरहेका छौँ ।

हामीले राजनीतिक दलका नेतालाई पनि मजदुरका समस्याका विषयमा जानकारी गराएका छौँ । मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्त समितिमा श्रमिकको मौलिक हकका रूपमा जेजे अधिकार सुनिश्चित गरिएका छन्, ती जस्ताको तस्तै संविधानमा रहनुपर्छ भन्ने हाम्रो भनाइ छ । कार्यथलोमा युनियन बनाउन पाउने, आफ्नो अभिव्यक्ति राख्न पाउने र अन्तिम अस्त्रका रूपमा हडतालसम्मको अधिकार प्रयोग गर्न पाउने अधिकार संविधानमा हुनुपर्छ । रोजगारी र सामाजिक सुरक्षाको हक हुनुपर्छ । गाँस, बास र कपासभन्दा हामीले शिक्षा र स्वास्थ्यका कुरालाई पनि त्यसमा जोडेका छौँ ।

प्रतिनिधित्वका सन्दर्भमा हामी जातजाति, क्षेत्रका हिसाबले समावेशी प्रतिनिधित्व हुनुपर्छ भनिरहेका छौँ । आर्थिक समावेशीकरणको कन्सेप्ट पनि अगाडि आउनुपर्छ । जुन क्षेत्र, जुन लिङ्ग, जुन जात, जुन भूगोलको भए पनि त्यहाँ व्यवसायी र श्रमिक छन् । व्यवसायीको जहाँजहाँ प्रतिनिधित्व हुन्छ, त्यहाँ त हाम्रो प्रतिनिधित्व हुनैपर्यो । संसद्, प्रादेशिक सभा,र स्थानीय सरकारमा पनि १० प्रतिशत श्रमिकको प्रतिनिधित्व हुनुपर्छ भन्ने हाम्रो माग छ । यसमा माओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चा सबैले समर्थन गरेका छन् । चारवटा मेजर फोर्समा रहेका सबैले समर्थन छ भनेपछि संविधान बन्दा कमसेकम श्रमिकको १० प्रतिशत प्रतिनिधित्व होला कि ! श्रमिकको प्रतिनिधित्व भनेको हामी नेताको प्रतिनिधित्व होइन ।

हामीले मजदुर आयोग बनाउनुपर्ने प्रस्ताव गरेका छौँ । त्यसलाई संशोधन गरेर श्रम आयोग भनेर पुनर्व्याख्या गर्न सकिन्छ । यो महिला आयोग, दलित आयोग जस्तो बनाउन खोजेको होइन, इन्डस्ट्रियल कमिसन जस्तो हो । अमेरिकामा इन्डस्ट्रियल रिलेसन बोर्ड छ । अस्ट्रेलियामा इन्डस्ट्रियल रिलेसन कमिसन छ। दक्षिण कोरिया, फिलिपिन्समा श्रम आयोग नै छ । त्यो चाहिँ अर्धन्यायिक चरित्रको कमिसन बनोस्, त्यसमा मान्छे नियुक्ति गर्दा त्रिपक्षीय सहमतिबाट नियुक्त हुने व्यवस्था हुनुपर्छ । त्यहाँ विज्ञ र तटस्थ मान्छे जाऊन्, तर सरकार, ट्रेड युनियन र रोजगारदाताको सहमतिमा । त्यसले लिएको निर्णय अन्तिम न्यायका रूपमा पालना गरियोस, जसको नेतृत्व सर्वोच्च अदालतका न्यायधीशको योग्यता पुगेको व्यक्तिले गर्न सक्छ ।

हामी सामाजिक सुरक्षा प्रणालीको कुरा गरिरहेका छौँ । अहिले सामाजिक संरक्षणका नाममा ७१ वर्ष नाघेका महिला, विधवा र ७५ वर्ष नाघेका पुरुषले पाँच सय रुपैयाँ पाउने व्यवस्था छ । सामाजिक सुरक्षाका लागि आफ्नो तलबको निश्चित प्रतिशत लगानी हामी पनि गर्छौं । रोजगारदाताले पनि योगदान गरोस्; सरकारले पनि सघाओस्; त्यसबाट सामाजिक सुरक्षा कोष बन्न सक्छ । सुरुमा हामी बेरोजगार भत्ता, दुर्घटनामा परेपछिको उपचार, स्वास्थ्योपचार, मातृत्व संरक्षणजस्ता स्कीमबाट सुरु गर्न सक्छौँ । अन्तिममा एउटा अवधि पुगेपछि पेन्सन पाउने व्यवस्था गरौँ । अहिले राज्यले पाँच सय दिएजस्तो पछि एक पैसा पनि दिनुपर्दैन । अहिले राज्यले ८/१० अर्ब रुपैयाँ वृद्ध भत्ताका नाममा दिन्छ । हाम्रो जेनेरेसनको ४५ प्रतिशत त

युवा छन् । हामी एकैचोटि बूढा हुने हौँ । सबैलाई राज्यले पाँच सय त दिनै सक्दैन । भोलि कोल्याप्स हुन्छ यो सिस्टम नै । यदि अहिल्यैदेखि काम सुरु गर्ने हो भने हाम्रै तलबबाट काटिएको पैसाबाट हामीले पाउने पेन्सन प्राप्त हुन्छ । राज्य पनि जोगिन्छ, हामीले पनि वृद्धावस्थामा छोराले पाल्छ कि छोरीले, भन्ने चिन्तामा फस्नुपर्दैन । युरोपेली देशमा जे भइरहेको छ, अमेरिकामा जे भइरहेको छ, जापानमा जे भइरहेको छ, नेपालमा पनि त्यो आगामी २१ वर्षभित्र लागू हुन सक्छ भन्ने हामीलाई लागेको छ ।

(असोज ३, २०६९ को नयाँ पत्रिकामा प्रकाशित कुराकानीमा आधारित सामग्रि)

Link>> http://www.nayapatrika.com/index.php?option=com_content&view=article&id=6251:2012-09-19-05-42-21&catid=55:2012-04-22-06-49-20&Itemid=58